# लिखु पिके गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### सोलुखुम्बु, कोशी प्रदेश, नेपाल

# विपद् व्यवस्थापन योजना

# Disaster Management Plan

## अन्तिम प्रतिवेदन

२०८०/०८१

# विषयसूची


परिच्छेद - एक प्रारम्भिक ....................१

१.१ पृष्ठभूमि ....................१

१.२ योजनाको उद्देश्य....................१

१.३ नीतिगत,कानूनी तथा संस्थागत व्यवस्था....................२

१.४ विषयक्षेत्र तथा कार्य जिम्मेवारी....................२

१.४.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र....................२

१.४.२ खाद्य तथा कृषि क्षेत्र....................३

१.४.३ स्वास्थ्य तथा पोषण क्षेत्र....................३

१.४.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र....................३

१.४.५ आपत्कालीन आश्रय तथा गैर—खाद्य सामग्री क्षेत्र ....................३

१.४.६ संरक्षण तथा सूरक्षा क्षेत्र....................३

१.४.७ आपत्कालीन शिक्षा क्षेत्र....................४

१.४.८ शीघ्र पुनर्लाभ क्षेत्र....................४

१.५ नीति तथा कार्यक्रमहरू २०८०/०८१ ....................४

परिच्छेद — दुई गाउँपालिकाको परिचय....................६

२.१ अवस्थिति ....................६

२.२ प्रशासनिक सिमा....................६

२.३ जनसांख्यिक विवरण ....................७

२.५ हावापानी ....................८

२.६ प्रमुख नदीनाला तथा ताल तलैया....................८

२.७ धार्मिक ऐतिहासिक, पुरातात्विक र पर्यटकीय स्थलहरु ....................८

२.८ ईन्धनको प्रयोग ....................९

२.९ भू-उपयोग....................१०

२.१० वन तथा जैविक विविधता ....................११

२.११ भू-संरक्षण तथा जलाधार व्यवस्थापन....................११

२.१२ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन र विपद् व्यवस्थापन......१२

परिच्छेद - तीन विपद् व्यवस्थापन योजना ....................१४

३.१ गाउँपालिकामा विद्यमान प्रमुख प्रकोपहरु....................१४

**३.२ विगतका विपद्को अवस्था विश्लेषण र जोखिमयुक्त क्षेत्र ................................ १४**
**३.३ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र ................................................ २१**
**३.४ प्रकोपहरुको सम्भाव्य जोखिम विश्लेषण .................................................... २२**
**३.५ पूर्वसूचना प्रणालीको अवस्था.................................................................... २३**
**परिच्छेद - चार विपद् व्यवस्थापन योजनाको रणनीति तथा कार्यनीति .............. २४**
**परिच्छेद - पाँच पूर्वतयारी तथा प्रतिकार्य योजना...................................... २८**
**५.१ सामान्य पूर्वतयारी योजना......................................................................... २८**
५.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना ..................................................................................२८
५.१.२ खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना...............................३०
५.१.३ स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना .........................३१
५.१.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना.. ..................................................................................३२
५.१.५ आपत्कालीन आश्रय र गैर—खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना३३
५.१.६ संरक्षण तथा सूरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना..........................३४
५.१.७ आपत्कालीन शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी योजना....................३५
५.१.८ शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना.................................३५
**५.२ पूर्वानूमानमा आधारित पूर्वतयारी योजना ................................................... ३६**
५.२.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ...........................................................................३६
५.२.२ खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना .............३७
५.२.३ स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना .........३८
५.२.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ...........................................................................३९
५.२.५ आपत्कालीन आश्रय र गैर—खाद्य सामग्री क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना...................................................................................३९
५.२.६ संरक्षण तथा सूरक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना.........४०
५.२.७ आपत्कालीन शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ..........४१
५.२.८ शीघ्र पुनर्लाभ क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ................४२
**५.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना ................................................ ४२**
५.३.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना.......४२

५.३.२ खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना ....................................... ४४
५.३.३ स्वास्थ्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना ................................... ४४
५.३.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना ........ ४५
५.३.५ आपत्कालीन आश्रय र गैर–खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना .......... ४६
५.३.६ संरक्षण तथा सूरक्षा क्षेत्रको प्रतिकार्य योजना...................................... ४६
५.३.७ आपत्कालीन शिक्षा क्षेत्रको प्रतिकार्य योजना ....................................... ४७
५.३.८ शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना .............................................. ४८

**परिच्छेद - छ बन्दोबस्ती सामग्रीको उपलब्धता तथा आवश्यकताको लेखाजोखा.. ४९**

**६.१ स्रोत-साधनको वर्तमान अवस्था.......................................................... ४९**
**६.२ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता........................................ ५०**
**६.३ बन्दोबस्ती सामग्रीको आंकलन............................................................ ५१**
६.३.१ गैर–खाद्य सामग्री भण्डारण स्थल ................................................ ५१
६.३.२ मानवीय सहायता स्थल.............................................................. ५१
**६.४ थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत.................................... ५१**

**परिच्छेद - सात विविध ............................................................. ५४**

**७.१ स्रोत साधनको व्यवस्थापन................................................................ ५४**
**७.२ अन्य निकायसँगको समन्वय र सहकार्य................................................. ५४**
**७.३ अनुगमन, मूल्याङ्कन तथा सिकाई .......................................................... ५५**
७.३.१ लक्ष्य र सूचकहरू...................................................................... ५५
७.३.२ अनुगमन, मूल्याङ्कन र योजनाको परिमार्जन ....................................... ५६
**७.४ क्षमता विकास रणनीति र योजना.......................................................... ५७**

**सन्दर्भ सामग्री ................................................................................ ५८**

**अनुसूची................................................................................... ५९**

**अनुसूची-१ स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरूको विवरण....... ५९**
**अनुसूची-२ विषयक्षेत्रका संयोजक तथा पदाधिकारीहरूको विवरण............................ ६१**
**अनुसूची-३ गाउँपालिकाको नक्सा तथा छलफल गरिएका फोटोहरू.......................... ६५**

# परिच्छेद - एक
# प्रारम्भिक

## १.१ पृष्ठभूमि

नेपालको संविधानले विपद् व्यवस्थापन स्थानीय तहको एकल अधिकार सूचीको रुपमा सूचीकृत गरेको छ। संवैधानिक व्यवस्था कार्यान्यवयन गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा नीति, ऐन, नियम तथा निर्देशिकाहरु तर्जुमा भएका छन्। साथै विपद् व्यवस्थापनका लागि केन्द्र देखि समुदाय तहसम्म विभिन्न संस्थागत संरचना गठन गरी क्रियाशील रहेका छन्। स्थानीय विपद् व्यवस्थापन समिति पनि यस्तै संरचना मध्येको एक हो। स्थानीय तहमा हुने विपद् व्यवस्थापनको सन्दर्भमा यस समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ। स्थानीय तहमा गरिने विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट सम्पन्न गर्न समितिले यस सम्बन्धी छुट्टै योजना तर्जुमा गर्नु पर्ने हुन्छ। विद्यमान कानूनी व्यवस्था अनुरुप समेत स्थानीय तहले विपद् व्यवस्थापन योजना तर्जुमा गर्न आवश्यक रहेको छ।

जलवायु परिवर्तन तथा अन्य विभिन्न कारणबाट संसारमा प्रकोप जोखिमको अवस्थामा वर्षेनी बृद्धि हुने गरेको छ। लिखु पिके गाउँपालिका पनि यस्ता प्रकोप जोखिमहरुबाट अछुतो रहन सकेको छैन। लिखु पिके गाउँपालिकामा विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न, विपद्को प्रतिकार्य र पुनर्लाभिलाई गति दिन र यस कार्यमा सरोकारवालाहरु बीचको समन्वयलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापन योजना तर्जुमा गर्न आवश्यक देखिएको छ।

प्रस्तुत सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (न) र अनुरूप लिखु पिके गाउँपालिकाले यो विपद् व्यवस्थापन योजना तयार गरेको छ।

## १.२ योजनाको उद्देश्य

लिखु पिके गाउँपालिकामा विपद् व्यवस्थापनलाई प्रभावकारी बनाई सम्भावित जनधनको क्षति कम गर्नु यस योजनाको प्रमुख उद्देश्य हो। यसका अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

(क) विपद् जोखिम क्षेत्रको पहिचान गरि उक्त क्षेत्रमा भविष्यमा जोखिम न्युनिकरण गर्न सहजता प्रदान गर्ने

(ख) विपद् प्रतिकार्यका लागि विषयक्षेत्रहरूको भूमिका तथा जिम्मेवारी निर्धारण गर्नु,

(ख) विपद् प्रतिकार्यका लागि मुख्य जिम्मेवार तथा सहयोगी निकायहरूको पहिचान र अद्यावधिक गर्नु,

(ग) विपद्को लेखाजोखा, जोखिम नक्साङ्कन, विगतमा घटेका विपद्का घटनाहरुको तथ्याङ्क सङ्कलन र विश्लेषणका आधारमा जोखिम सूचित योजना तर्जुमा गर्नु,

(घ) विपद् प्रतिकार्यका लागि सामान्य पूर्वतयारी, पूर्वानुमानमा आधारित पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यका क्रियाकलापहरू तय गर्नु र

(ङ) विपद् प्रतिकार्यका लागि हाल उपलब्ध स्रोत, साधन र जनशक्तिको लेखाजोखा एवम् सम्भावित विपद्को सामना गर्न आवश्यक क्षमताको आंकलन, प्रक्षेपण र प्रवन्ध गर्नु।

## १.३ नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था

लिखु पिके गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को आधारमा स्थानीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ। समितिमा हाल रहेका पदाधिकारीहरूको विवरण **अनुसूचीमा** संलग्न छ। स्थानीय विपद् व्यवस्थापन समिति अन्तर्गत ८ वटा विषयक्षेत्र हेर्न अगुवा संस्था तोकी सम्बन्धित विषयक्षेत्रको योजना तर्जुमा र समन्वयको जिम्मेवारी प्रदान गरिएको छ।

लिखु पिके गाउँपालिकामा वातावरण तथा विपद् व्यवस्थापन शाखा/इकाई स्थापना गरिएको छ। ५ वटा वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ। लिखु पिके गाउँपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ। सो कोषमा आर्थिक वर्ष २०८० मा गाउँपालिका र अन्य श्रोतबाट गरी रकम रु. १० लाख (प्रत्येक वडामा भैपरी खर्च) जम्मा भएको छ। कोष सञ्चालन तथा परिचालनको लागि स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि तर्जुमा गरिएको छ। यस वाहेक गाउँपालिकामा विपद् व्यवस्थापन सम्बन्धी नीति, ऐन, नियम, मार्गदर्शन तथा आवश्यक मार्गदर्शनहरू बन्ने क्रममा रहेका छन्।

## १.४ विषयक्षेत्र तथा कार्य जिम्मेवारी

लिखु पिके गाउँपालिकाले विपद् व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयनका लागि देहाय बमोजिमका ८ वटा विषयक्षेत्र निर्धारण गरी देहाय बमोजिमका कार्य जिम्मेवारी प्रदान गरेको छः

### १.४.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र

यस विषयक्षेत्रले विपद्को समयमा सम्पूर्ण सरोकारवालाहरूसँग समन्वय कायम गर्ने, विपद्को अवस्था आउनसक्ने पूर्वसूचना प्राप्त भएपछि स्थानीय सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्ने, प्रकोपको कारण समस्यामा परिरहेका वा घाईतेलाई उद्धार गर्ने, हराएकाहरूको खोजी गर्ने, मानिसको मृत्यु भएमा सनाखत गरी शव व्यवस्थापन (वा हस्तान्तरण) को प्रवन्ध मिलाउने, पीडितहरूलाई राहत वितरण गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ।

### १.४.२ खाद्य तथा कृषि क्षेत्र

यो विषयक्षेत्रले विपद्को अवस्थामा पीडितहरूलाई तत्काल खानेकुरा, विस्थापित भई शिविरमा बसेकालाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्री उपलब्ध गराउने, खानेकुरा पकाउनको लागि आवश्यक प्रवन्ध मिलाउने र कृषि क्षेत्रमा भएको क्षति विवरण तयार गर्ने जिम्मेवारी निर्वाह गर्नेछ।

### १.४.३ स्वास्थ्य तथा पोषण क्षेत्र

यस विषयक्षेत्रले विपद्मा घाईते भएकाहरूको प्राथमिक उपचार गर्ने, महामारी हुनबाट बचाउने विधिहरू अवलम्वन गर्ने, शिविरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएका विरामी वा घाईतेलाई अस्पतालसम्म पुऱ्याई स्वास्थ्य उपचारको सुनिश्चितता गर्ने, महिला तथा बालबालिकामा पोषणको कमी भएमा त्यसबाट हुनसक्ने समयस्याबारे पीडित र सरोकारवालालाई सचेत गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ। साथै यस विषयक्षेत्रले कोभिड-१९ लगायतका महाव्याधीको संक्रमण, रोकथाम र व्यवस्थापनको कार्य समेत गर्नेछ।

### १.४.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र

यस विषयक्षेत्रले विपद्को अवस्थामा खानेपानी आपूर्ति गर्ने, विपद्का कारण ढलेका बोटबिरूवाहरू हटाउने, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरू सरसफाई गर्ने, मरेका पशुपंक्षीहरूको व्यवस्थापन गर्ने, व्यक्तिगत सरसफाईको लागि स्वच्छता सम्बन्धी सरसामानहरू (जस्तैः हाईजिन किट, पियुष, क्लोरिन, डस्टविन) उपलब्ध गराउने जिम्मेवारी निर्वाह गर्नेछ।

### १.४.५ आपत्कालीन आश्रय तथा गैर–खाद्य सामग्री क्षेत्र

यो विषयक्षेत्रले विपद्को कारण घरमा क्षति पुगी बस्न नसक्ने अवस्थामा रहेका पीडितहरूलाई आपत्कालीन आश्रय वा बासको लागि अस्थायी संरचना निर्माण गर्ने, पीडितहरूलाई त्रिपाल, भाँडाकुँडा, लत्ताकपडा जस्ता गैर—खाद्य सामग्री वितरण गर्ने जिम्मेवारी निर्वाह गर्नेछ।

### १.४.६ संरक्षण तथा सूरक्षा क्षेत्र

यस विषयक्षेत्रले विपद्को समयमा महिला, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका, बृद्धबृद्धाहरूलाई संरक्षण गर्ने, उनीहरूको आवश्यकता बमोजिमका सरसामानहरू जस्तैः सेनेटरी प्याड, खेलकुदका सामान आदि उपलब्ध गराउने, घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा दिने र हिंसामुक्त वातावरण सिर्जना गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ।

### १.४.७ आपत्कालीन शिक्षा क्षेत्र

यस विषयक्षेत्रले विपद्को कारण विद्यालय तीन दिनभन्दा बढी बन्द भएमा विद्यार्थीहरूलाई आपत्कालीन शिक्षाको व्यवस्था गर्ने, प्रकोपले विद्यार्थीको पठनपाठनका शैक्षिक सामग्री हराए वा क्षति पुऱ्याएमा सोको व्यवस्था गर्ने र विद्यालयको शिक्षण सामग्रीहरू नष्ट भएमा पुनः व्यवस्था गर्ने जिम्मेवारी निर्वाह गर्नेछ।

### १.४.८ शीघ्र पुनर्लाभ क्षेत्र

यस विषयक्षेत्रले विपद्को कारण अवरूद्ध हुन पुगेका अत्यावश्यक सेवाहरू (जस्तैः सडक, विद्युत, खानेपानी, टेलिफोन) तत्काल सुचारू गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यालयहरूमा क्षति पुगेमा वैकल्पिक व्यवस्था गर्ने, सामाजिक आर्थिक पूर्वाधार र अवस्थालाई चलायमान बनाई जनजीवनलाई सामान्य बनाउने जिम्मेवारी निर्वाह गर्नेछ।

**विषयगत क्षेत्रका संयोजकहरुको विवरण अनुसूचीमा समाबेश गरिएको छ ।**

## १.५ नीति तथा कार्यक्रमहरू २०८०/०८१

लिखु पिके गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ को लागि देहायका निति तथा कार्यक्रमहरु अवलम्बन गर्ने निर्णय गरेको छ ।

### क. वन तथा वातावरण संरक्षण नीतिः

- गाउँपालिकाका सबै नाङ्गो ठाउँहरुमा व्यापक मात्रामा वृक्षारोपण गरी यस पालिकालाई हराभरा गाउँपालिकाको रुपमा पहिचान दिलाइनेछ । जसले पर्यावरणिय पर्यटनको विकासमा ठोस योगदान पुग्नेछ ।
- लोप हुन लागेका वन्यजन्तु तथा चराचुरुङ्गिको संरक्षण, जैविक विविधता र पारिस्थितिक प्रणालिको सन्तुलनका लागि छुटै विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा ईको पार्क, चिलड्रेन पार्क र पिकनिक स्थलको विकासको कार्य ठोस रुपमा अगाडी बढाइने छ ।
- ढुंगा, गिट्टी, बालुवा संकलन गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्न नदिन प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्पन्न गरिएका खोलाहरूबाट मात्र खोलाजन्य पदार्थ संकलन गरिनेछ साथै प्रतिबेदनमा सिफारिस भएका सुझावहरू पालना भए नभएको प्रभावकारी अनुगमन कार्यलाइ निरन्तरता दिइनेछ ।
- पालिका क्षेत्रमा विकास निर्माणका लागि आवश्यक IEE / EIA कार्यान्वयनका लागि वातावरण संरक्षण नियमावलीले दिएको क्षेत्राधिकार भित्र रही आवश्यक कानुन तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

- गाउँपालिकाका सडकलाई हरियाली बनाउन हरेक सडकको छेउमा बहुबर्षे फलफुलका विरुवा (ओखर, एभोकाडो आदि) वृक्षारोपन कार्यलाई प्रोत्साहन गरिनेछ ।
- वन नर्सरी स्थापना गरिनेछ ।
- अन्तर निकाय, अन्तर तह समन्वय र सहकार्य गरिनेछ ।
- भू तथा जलाधार संरक्षण गरिनेछ ।
- निजी वनलाई प्रोत्साहन गर्न वन दर्ता गरेमा वार्षिक तिर्नुपर्ने राजस्व छुटको व्यवस्थापन गरिनेछ।
- पानी भरण पोखरीहरूको निर्माण गरिनेछ ।
- सामुदायिक बनको लागत तयारी र कार्ययोजना तर्जुमा र स्वीकृति गरिनेछ ।

### ख. विपद व्यवस्थापन तथा जलवायु नीतिः

- विपद जोखिम पूर्वानुमान पूर्वतयारी प्रतिकार्य र पुर्नलाभ सम्बन्धि क्षमता विकासका लागी आवश्यक बन्दोबस्त तथा सचेतनाका कार्यक्रम संचालन गरिनेछ ।
- विकास निर्माणका गतिविधि संचालन गर्दा विपद जोखिमका सम्बन्धमा विचार पुर्याईनेछ ।
- विपद सूचना दिएर नआउने भएकाले विपदसँग लड्न प्रकोप व्यवस्थापन कोषमा थप रकम व्यवस्थित गरिनेछ ।
- जलवायु परिवर्तन मौन विश्वव्यापी संकटको रुपमा देखा पर्दैछ । जलवायु परिवर्तन अनुकुल क्षमता अभिवृद्धी तथा प्रतिकुल प्रभावको न्युनिकरणका लागी साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।

### ग. फोहरमैला तथा सरसफाईसम्बन्धी नीति :

- सडक नाली सार्वजनिक स्थल र खल्ला स्थानमा फोहोर फाल्नेलाई कारवाही गरिनेछ । सोको प्रभावकारी अनुगमनको व्यवस्था मिलाईनेछ । सरसफाई र फोहोर व्यवस्थापनलाई व्यवस्थित बनाउन वडा स्तरमा फोहोर व्यवस्थापन तथा अनुगमन समिति गठन गरी प्रभावकारी रुपमा परिचालन गर्ने नीति लिइनेछ ।
- जैविक अजैविक फोहोरलाई उत्पादन तह देखी नै वर्गिकरण गरी जैविक फोहोरबाट घरमै कम्पोस्ट मल बनाउन प्रेरित गरिनेछ । नगल्ने फोहोर व्यवस्थापनका लागी मुख्य मुख्य ठाँउमा इन्सिनेटर राखेर जलाउने व्यवस्था गरिनेछ ।

त्यसैगरी यस गाउँपालिकाको वार्षिक बजेट प्रतिवेदन, २०८० अनुसार वातावरण तथा विपद् व्यवस्थापनमा आर्थिक वर्ष २०८०/०८१ को लागि रू दश लाख (वडा भैपरी खर्च) छुट्याईएको छ ।

# परिच्छेद – दुई
# गाउँपालिकाको परिचय

## २.१ अवस्थिति

नेपालको कोशी प्रदेश अन्तर्गत पर्ने हिमाली जिल्ला सोलुखुम्बुमा अवस्थित यस गाउँपालिका अक्षांश २७.४८ डिग्री उत्तरदेखि २७.६१ डिग्री उत्तरसम्म र देशान्तर ८६.३५ डिग्री पूर्वदेखि ८६.५१ डिग्री पूर्वसम्म फैलिएको छ । समुन्द्र सतहबाट १२९८ मिटर देखि ४२१८ मिटर सम्मको उचाईमा अवस्थित छ । पूर्वमा सोलुदुधकुण्ड नगरपालिका, उत्तर एवम् पश्चिममा रामेछाप जिल्ला र दक्षिणमा ओखलढुंगा जिल्ला संग सिमाना जोडिएको छ । यस गाउपलिकको औसत लम्बाई १६.८ किलोमिटर औसत चौडाई ९.६ किलोमिटर रहेको छ ।




चित्र १: लिखु पिके गाउँपालिकाको स्थलाकृत नक्शा

## २.२ प्रशासनिक सिमा

लिखु पिके गाउँपालिका नेपालको एक हिमाली जिल्ला सोलुखम्बुमा रहेको गाउँपालिका हो । नेपालको संबिधान २०७२ ले अंगिकृत गरेको तिन तहको राज्य संरचना बमोजिम स्थानीय तह

वर्गिकृत हुँदा सोलुखुम्बु जिल्लाका साविक गाउँ विकास समितिहरु गोली, चौलाखर्क र भकान्जेलाई समेटेर वि.सं. २०७३ फाल्गुण २७ गते लिखु पिके गाउँपालिका स्थापना गरिएको हो | विश्वसम्पदा सूचीमा सुचिकृत नेपालको पहिचान सर्वोच्च शिखर सगरमाथा यसै जिल्लामा पर्ने हुँदा यस गाउँपालिकाको समेत विशेष ऐतिहासिक महत्व रहेको छ |

| नयाँ वडा | साविकको गाविस | साविकको वडा |
|---|---|---|
| १ | गोली | ६, ७, ८ र ९ |
| २ | गोली | १, २, ३, ४ र ५ |
| ३ | चौलाखर्क | ५, ६, ७, ८ र ९ |
| ४ | चौलाखर्क | १, २, ३ र ४ |
| ५ | भाकान्जे | १ देखि ९ सबै |

*स्रोत: पालिका पार्श्वचित्र २०७४*

## २.३ जनसांख्यिक विवरण

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार लिखु पिके गाँउपलकाको कुल परिवार सख्या १२५१ रहेको छ । यी परिवारहरुमा कुल जनसंख्या ५३३४ छ जसमध्ये पुरुष २६७३ र महिला २६६१ रहको छ । यस गाँउपालिकाको औषत परिवार संख्या ४.२६ र लैङ्गिक अनुपात १००.४५ छ भने जनघनत्व ४२.८८ प्रतिवर्ग किलोमिटर छ ।

तालिका १: जनसंख्या विवरण

| क्र.सं. | विवरण | परिमाण |
|---|---|---|
| १ | जम्मा घरधुरी | १२५१ |
| २ | जम्मा जनसङ्ख्या | ५३३४ |
| ३ | पुरुष | २६७३ (५०.११ %) |
| ४ | महिला | २६६१ (४९.८९%) |
| ५ | सरदर घरधुरी संङ्ख्या | ४.२६ (४.३७ नेपालको, र ४.१६ कोशी प्रदेशको) |
| ६ | लैगिक अनुपात | १००.४५ पुरषमा १०० महिला |
| ७ | जनघनत्व | ४२.८८ व्यक्ति प्रति वर्ग कि. मी. |
| | | *स्रोत: राष्ट्रिय जनगणना, २०७८* |

**वडागत रुपमा जनसङ्ख्या विवरण**

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यस लिखु पिके गाँउपालिकामा कुल जनसंख्या ५३३४ रहेको छ । जसमध्ये पुरुष २६७३ रहेको छ भने महिला २६६१ रहेको छ । यस जनसंख्यालाई वडागत रुपमा बसोवासको अधारमा हेर्दा सबभन्दा बढी वडा न ५ मा रहेको छ । जसमा १३२५

(पुरुष ६६२ महिला ६६३) जना रहेको छ भने सबभन्दा कम वडा न १ मा ६०१ (पुरुष ३०५, महिला २९६) जना रहेके छ ।

| क्र.सं. | पुरुष | % | महिला | % | कुल | % | क्षेत्रफल | जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३०५ | ५.७२ | २९६ | ५.५५ | ६०१ | ११.२७ | ३५.९० | १६.७४ |
| २ | ६३१ | ११.८३ | ६३२ | ११.८५ | १२६३ | २३.६८ | २७.६१ | ४५.७४ |
| ३ | ५७६ | १०.८० | ६०३ | ११.३० | ११७९ | २२.१० | १०.०३ | ११७.५५ |
| ४ | ४९९ | ९.३६ | ४६७ | ८.७६ | ९६६ | १८.११ | ५.५३ | १७४.६८ |
| ५ | ६६२ | १२.४१ | ६६३ | १२.४३ | १३२५ | २४.८४ | ४५.३१ | २९.२४ |
| | २६७३ | ५०.११ | २६६१ | ४९.८९ | ५३३४ | १००.०० | १२४.३८ | ४२.८८ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## २.५ हावापानी

नेपालको हिमाली जिल्ला सोलुखम्बुमा पर्ने यस गाउँपालिकाको हावापानीमा पनि विविधता रहेको छ| वर्ष भरिको मौसमलाई नियाल्दा यस क्षेत्रमा मुख्यतः ३ प्रकारको हावापानी रहेको पाईन्छ| समुन्द्र सतहको १२०० मि. उचाई देखि २१०० मि. सम्ममा उष्ण प्रदेशिय हावापानी, २१०० मि. देखि ३३०० मि. सम्मको उचाईमा समशितोष्ण हावापानी र ३३०० मि. देखि ५००० मि. सम्मको उचाईमा लेकाली हावापानी पाईन्छ| गर्मी महिनाहरुमा यस ठाउको तापक्रम बढेर ३० डिग्री सेन्टीग्रेड भन्दा माथि हुने गरको र जाडो महिनाहरुमा तापक्रम झरेर शुन्य डिग्री सेन्टीग्रेड भन्दा कम सम्म पुग्ने गरको छ । गत वर्षको आँकडा अनुसार यस गाउँपालिकाको तापमान तथा वर्षा यस प्रकार रहेको छ ।

औसत अधिकतम तापक्रम २६ डिग्री सेन्टीग्रेड (अधिकतम तापक्रम : ३३ डिग्री सेन्टीग्रेड)

औसत न्युनतम तापक्रम : ७ डिग्री सेन्टीग्रेड (न्युनतम तापक्रम ९ डिग्री सेन्टीग्रेड)

औसत वार्षिक वर्षा : १६६१.१ मिलिमिटर

## २.६ प्रमुख नदीनाला तथा ताल तलैया

सप्तकोशी नदीको एक सहायक लिखु नदी यस गाउँपालिकाको पश्चिम सिमानामा रहेको छ । त्यस्तै हिमगंगा नदी, किन्जा खोला, खिम्जा खोला, घट्टे खोला समेत यस गाउँपालिका भएर बग्ने गर्दछन| यस गाउँपालिकामा चो सम्बा, चो नक्पू, दक्चु जस्ता पोखरीहरु समेत रहेका छन्|

## २.७ धार्मिक ऐतिहासिक, पुरातात्विक र पर्यटकीय स्थलहरु

सोलुखम्बु जिल्ला आफैमा एक ठुलो पर्यटकीय जिल्ला हो । सर्वोच्च शिखर सगरमाथा लगयतका उच्च हिमशृंखलाहरु महालन्गुर, क्यासर नुम्बुर, पुमोरी, लोत्से आदि यस जिल्लामा पर्दछन| यसले

गर्दा यी क्षेत्रमा जाने पर्यटकहरुको लागि पदमार्गको रुपमा विकास भएको सगरमाथा पदमार्ग यहि गाउँ पालिकाको पिके डाँडो हुदै सगरमाथा आधार शिबिरमा गएर टुंगिन्छ | पिके डाँडा हिमालहरुको दृष्यावलोकन गर्नको लागि निकै उपयुक्त थलो हो | पिके क्षेत्र यस गाउँपालिकाको मुख्य पर्यटकीय क्षेत्रको रुपमा विकास भैरहेको छ । यस गाउँपालिका भित्र रहेका विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको आफ्नै मौलिक विशेषता र महत्व रहेका छन् ।

## २.८ ईन्धनको प्रयोग

मानिसहरुले जीवनयापन गर्नाका लागि विभिन्न प्रकारका इन्धनका स्रोतहरु उपयोग गर्ने गर्दछ । यसै सन्दर्भमा यस लिखु पिके गाँउपालिकाको जनताहरुले प्रयोग गरिरहेका इन्धनका स्रोत अनुसार सबभन्दा बढी ९०.९ प्रतिशतले काठदाउरा प्रयोग गरेको तथ्याङ्कले देखाएको छ भने सबभन्दा कम ०.४ प्रतिशतले वायोग्यास प्रयोग गर्ने गरेको देखिन्छ ।

तालिका २: लिखु पिके गाउँपालिकामा खाना पकाउनका लागि प्रयोग गरिने उर्जाको प्रकार

| उर्जाको प्रकार | प्रतिशत |
|---|---|
| काठ/दाउरा | ९०.९ |
| एल.पी.ग्याँस | ८.७ |
| बिजुली | ० |
| गुइँठा/गोरहा | ० |
| बायोग्याँस | ०.४ |
| मट्टीतेल | ० |
| अन्य | ० |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यलिय, राष्ट्रिय जनगणना, २०७८*

दाउराको प्रयोग अधिकतम देखिएको यस गाउँपालिकामा विधुतीय चुलो एवम् सुधारिएको चुलोको प्रयोग बढाउनु पर्ने देखिन्छ । अधिकतम दाउराको प्रयोगले स्वास्थ्यमा असर पार्नुसँगै वायु प्रदुषण र जैविक विविधतामा ह्रास ल्याउनेछ ।

त्यसैगरी बत्ति बाल्नका लागि अधिकतम घरधुरीले बिजुली प्रयोग गर्दछन्, जुन कुल घरधुरीको ८७.६८ प्रतिशत रहेको छ र त्यसैगरी १०.२७ प्रतिशतले सोलार समेत प्रयोग गर्ने गरेका छन् ।

तालिका ३: लिखु पिके गाउँपालिकामा बत्तिका लागि लागि प्रयोग गरिने उर्जाको प्रकार

| उर्जाको प्रकार | प्रतिशत |
|---|---|
| बिजुली | ९६.१ |
| सोलार/ सौर्य उर्जा | २.६ |

| उर्जाको प्रकार | प्रतिशत |
|---|---|
| मट्टीतेल | १.०५ |
| बायोग्याँस | ०.१ |
| अन्य | ०.२ |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनगणना, २०७८*

## २.९ भू-उपयोग

कुल १२४.३८ क्षेत्रफल रहेको लिखु पिके गाउँपालिकामा २०.९८ प्रतिशत भू-भाग खेतीयोग्य जमिनले ओगटेको छ भने ६६.०१ प्रतिशत जमिन वनले ओगटेको छ, जल क्षेत्रले ११.१२ प्रतिशत, १.८९ प्रतिशत भू-भाग निर्मित (आवास, बजार) र अन्यले ओगटेको छ ।

| क्र.सं. | भू-उपयोग | क्षेत्रफल (हेक्टरमा) | |
|---|---|---|---|
| १ | कृषि | ३८५१.४ | २०.९८ |
| २ | व्यावसायिक क्षेत्र | ९.९ | ०.०५ |
| ३ | सांस्कृतिक तथा पुरातात्विक क्षेत्र | २.१ | ०.०१ |
| ४ | वन क्षेत्र | १२११६.८ | ६६.०१ |
| ५ | जल क्षेत्र (नदी, पोखरी तथा हिउँले ढाकेको क्षेत्र) | २०४०.४ | ११.१२ |
| ६ | औद्योगिक क्षेत्र | ०.८ | ०.०० |
| ७ | खानी तथा खनिज क्षेत्र | २.१ | ०.०१ |
| ८ | अन्य क्षेत्र | १४८.५ | ०.८१ |
| ९ | सार्वजनिक क्षेत्र | ११८.८ | ०.६५ |
| १० | बस्ती क्षेत्र | ६५.२ | ०.३६ |
| | कुल | १८३५५.९ | १०० |

*स्रोतः लिखु पिके गाउँपालिकाको भू-उपयोग योजना, २०७९*

वडागत भू-उपयोग योजना

| क्र.सं. | भू-उपयोग | वडा | | | | |
|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ |
| १ | कृषि | ९९२.६१ | ७६०.४९ | ५३३.१८ | ४२६.८५ | ११३८.२८ |
| २ | व्यावसायिक क्षेत्र | ०.०१ | ३.७५ | २.७३ | ०.०५ | ३.३९ |
| ३ | सांस्कृतिक तथा पुरातात्विक क्षेत्र | ०.५३ | ०.२२ | ०.३० | ०.२२ | ०.८० |
| ४ | वन क्षेत्र | २३९५.७२ | १८१७.०१ | ४१५.१६ | ९३.०२ | ७३९५.८८ |
| ५ | जल क्षेत्र (नदी, पोखरी तथा हिउँले ढाकेको क्षेत्र) | १२३.२८ | ६०.११ | १४.०० | ११.२६ | १८३१.७० |
| ६ | औद्योगिक क्षेत्र | ०.२४ | ०.३३ | ०.१० | | ०.१५ |
| ७ | खानी तथा खनिज क्षेत्र | ०.४२ | ०.१४ | | ०.६८ | ०.८१ |
| ८ | अन्य क्षेत्र | ३२.५५ | ८४.२५ | ०.६० | | ३१.०९ |
| ९ | सार्वजनिक क्षेत्र | ३१.०२ | १७.४१ | २१.३० | ९.०८ | ३९.९७ |
| १० | बस्ती क्षेत्र | ९.०५ | १४.२४ | १४.०६ | १०.८२ | १७.०५ |
| | कुल | ३५८५.४२ | २७५७.९६ | १००१.४३ | ५५१.९७ | १०४५९.१३ |

*स्रोतः लिखु पिके गाउँपालिकाको भू-उपयोग योजना, २०७९*

## २.१० वन तथा जैविक विविधता

वन महत्वपूर्ण प्राकृतिक सम्पदा हो । वन आर्थिक विकासका मेरुदण्डका रुपमा रहेका कृषि, पर्यटन, जलस्रोत, उद्योग आदिको आधारस्तम्भ पनि वन नै हो । लिखुपिके गाउँपालिकाको आर्थिक, सामाजिक एवं वातावरणीय क्षेत्रको विकासमा वनको उल्लेखनीय योगदान रहेको छ । यो गाउँपालिकामा वन क्षेत्रले गाउँपालिकाको कुल क्षेत्रफलको ७६४१.८९ हेक्टर क्षेत्रफलमा वनजंगल फैलिएको छ । यो गाउँपालिकाको कुल क्षेत्रफलको करिव ६२% हुन आउँछ । यो पालिकाको वडा ५ मा ३ वटा सामुदायीक वन, वडा १, २ र ३ मा एक एक वटा गरी कुल ६ वटा वटा सामुदायिक वन रहेका छन् । जसले ६०० हेक्टर क्षेत्रफल ढाकेको छ । वडा ४ मा भने सामुदायिक वन छैन । वडा ४ का वन उपभोक्ताले वडा ५ को वन नजिक पर्ने भएको कारण वडा ५ को सामुदायिक वन प्रयोग गर्दै आएका छन् । पालिकामा रहेको नागे वन एक मात्र सरकारी वन हो, वडा १,२, ३ र ४ का उपभोक्ताको लागी आवश्यक काठ तथा बन्य पैदावार यसै वनबाट प्रयोग गर्दै आएकाछन् । पालिकामा एउटा निजी वन दर्ता भएको छ, यसले १० हेक्टर क्षेत्रफल ओगटेको छ । यहाँको वनमा विभिन्न प्रजातिका वनस्पतिहरु पाइन्छ । तिनीहरु मध्य गोत्रे सल्ला, खस्रु, उतिस, गुराँस, अँगेरी, चिमाल, धुपी, लोठ सल्लो, चिलाउने, ओखर, चाँप, चेथाङ/भद्रथे को बाहुल्यता रहेको छ । विभिन्न प्रकारका औषधीजन्य महत्वपूर्ण जडिबुटीहरू पाइन्छ। जडीबुटीमा चिराइतो, पाँचऔंले, जटामसी, पाखनभेद, पाखनभेद, कुड्की, पदमचाल, सुनापाती, धुपी, वनलसुन, सतुवा, बोझो, गुर्जो, मजिटो, धसिङ्ग्रे, कालो मुस्ली, सेतो मुस्ली, यार्चागुम्बाको, आदि पाइन्छ । यी जडिबुटीहरू उत्पादन, संकलन तथा बिक्री वितरण समेत हुने गरेको छ । रेडपान्डा, झारल, कस्तुरी जस्ता लोपउन्मुख वन्यजन्तु र डाँफे, मुनाल, चिलिमे, लुईचे/कालिज जस्ता लोपउन्मुख चराचुरुङ्गीहरू पाइन्छन् ।

## २.११ भू-संरक्षण तथा जलाधार व्यवस्थापन

लिखु पिके गाउँपलिकाको प्रथम आवधिक योजना २०८० नेपाल विविध प्रकृतिका प्रकोपका घटनाहरूबाट संकटापन्न अवस्थामा रहेको छ । प्राकृतिक विपद्का घटनामध्ये भू-स्खलन ('भूक्षय, पहिरो ) प्रमुख समस्या हो । नेपालको पर्वतीय भूसतह ज्यादै कमजोर छ । वन जङ्गलको तीव्र विनाश, अत्यन्तै भिरालो सतह, अवैज्ञानिक खेती प्रणाली, मनसुनको समयमा हुने मुसलधारे वर्षा र त्यसपछिको प्रचण्ड तापमानका कारणबाट नेपालको पहाडी भू-भागमा बारम्बार पहिरो जाने गरेको छ । यसका अतिरिक्त पूर्वाधारको रूपमा निर्माण गरिने सडक, ठूला भवन तथा सिंचाइको कुलोहरू सुरक्षाको उपायहरू अवलम्बन गरी ठिक ढंगबाट निर्माण गर्ने नगरिएबाट पनि पहाडी भूभागमा बारम्बार पहिरो जाने गरेको देखिन्छ । यसरी नेपालले बर्सेनि प्राकृतिक विपद्का घटनाहरूको सामना गरिरहनु परेको छ। भू-क्षयको कारण हरेक वर्ष खेती योग्य माटोको ह्रास भएको पाइन्छ । यो गाउँपालिका हिमाली तथा पहाडी भूगोल भएको कारण यहाँ पहिरो र भू-क्षयको समस्या रहेको

छ । विगत ९ वर्षको तथ्याङ्क विश्लेषण गर्दा पहिरोले यस अवधिमा ९०४ जनाको ज्यान लियो भने यही अवधिमा २३३ जना बेपत्ता भएका छन् (मनसुन पुर्व तयारी र प्रतिकार्य कार्ययोजना, २०७७, भाग-१) । पालिकामा भूक्षयको मुख्य कारणहरू भिरालो भूगोल, कमजोर भूबनोट, छोटो अवधिमा हुने अधिक मनसुनी वर्षाजस्ता प्राकृतिक कारणहरु क्षतिका कारकहरू हुन् । अवैज्ञानिक भूउपयोग, संरक्षण एवं वातावरणमैत्री विकासको अवधारणा विपरीत जथाभावी सञ्चालन गरिने विकास निर्माणका कार्यहरू, वनजंगल विनाश, जनचेतनाको कमी आदि मानवीय कारणहरू समेतले गर्दा पालिकामा गाउँबस्ती हरेक वर्ष बाढी र पहिरोको समस्यामा पर्ने, भौतिक पूर्वाधार तथा सम्पत्तिको क्षति हुँदै आएको छ । जलाधार व्यवस्थापन जलाधार क्षेत्र भित्र रहेका समस्त वन, वनस्पति, जनावर तथा मानव समुदायलाई आवश्यक पर्ने जलाधारीय सेवाहरूको परिचालन सुनिश्चित गर्न जलाधार क्षेत्रको भित्रको विभिन्न अंगहरूको कार्य योजना तथा कार्यक्रम विकास गरी जलाधारको क्रियाकलापहरूलाई दिगोरुपमा अगि बढाउनु हो । यसको जलाधार क्षेत्रमा उपलब्ध हुने सबै प्रकारका प्राकृतिक श्रोतहरू मुख्यतयाः जमीन, जल र जङ्गमलाई आर्थिक सामाजिक, भौतिक तथा वातावरणीय श्रोतहरूको दिगो विकास हुनेगरि व्यवस्थापन गर्नु पर्दछ । यो परिप्रेक्षमा भू-संरक्षण र जलाधार व्यवस्थापनलाई एकीकृत रुपमा सँगसँगै व्यवस्थापन गर्नु पर्ने हुन्छ । यसको लागी लिखु खोला, लगायतका यो पालिका भएर बग्ने अन्य लिखु खोला, लगायत मार्बु खोला, थेमजेङ खोला, किजा खोला, ढाडे खोला, घट्टेखोला, कोरेसी खोला, बुकु खोला, कड्डाबु खोला, ओईमु खोलाको प्रवाह क्षेत्र (watershed) मा स्थानीय समुदायलाई दैनिक जीवन यापन गर्न चाहिने मानवीय क्रियाकलापहरू सञ्चालन गर्दै यसको व्यवस्थापन गर्नु पर्ने हुन्छ । तब मात्र भू-संरक्षण तथा जलाधारको सही व्यवस्थापन हुन्छ ।

## २.१२ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन र विपद् व्यवस्थापन

लिखु पिके गाउँपलिकाको प्रथम आवधिक योजना २०८० जलवायु परिवर्तन प्रमुख वातावरणीय समस्या हो । यो समस्या विश्वव्यापी मुद्दा बनेको छ । यसले हाल नेपालमा धेरै प्रकारको वातावरणीय परिवर्तनका सङ्केतहरु देखा परेको पाइछ जस्तैः हिमाली क्षेत्रको हिउँ पग्लने क्रम तिव्र हुनु, हिमरेखाको औसत उचाइ बढ्नु, वर्षामा अनियमितता देखिनु लगायतका अन्य धेरै उदाहरणहरु रहेको देखिन्छ । यसलाई व्यवस्थापन गर्नका लागी नेपाल सरकारले जलवायु परिवर्तन नीति २०११, राष्ट्रिय अनुकुल कार्यक्रम २०१०, स्थानीय अनुकुल कार्य योजना २०११ र राष्ट्रिय अनुकुल योजना २०१७ नीति तथा संस्थागत व्यवस्था गरेकोछ । यी रणनीतिहरुमा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न हरित विकासको अवधारणालाई आत्मसाथ गरिएको छ । यी नीतिहरुमा जलवायु परिवर्तनको असर न्यूनिककरण गर्न हरित विकासको अवधारणालाई आत्मसाथ गरिएकोछ । अनुकुलनका रणनीति कार्यक्रमहरुको तर्जुमा, कार्बन व्यापारको थालनी, वातावरण संवेदनशीलताको मुद्धाहरुको आन्तरिकीकरण र सम्बोधन जस्ता प्रयासहरु भइरहेकाछन् । यस

क्षमता लगानी यकिन गर्ने जलवायु परिवर्तन बजेट सङ्केतको व्यस्था समेत गरिएकोछ । नेपाल सरकारले विपद् जोखिम व्यवस्थापन गर्नको लागी अवलम्बन गगरेको विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०७४ र नियमावली २०७६ प्रयोगमा ल्याएको छ । यसले विपद् जोखिम व्यवस्थापनमा महत्व पूर्ण भूमिका निर्वाह गरेको छ । संकट तथा विपद् प्राकृतिक तथा मानवीय दुबै कारणले निम्तिने आकस्मीक र स्वभाविक प्रकृया हो । वातावरण प्रदुषण तथा जलवायुमा विस्तारै परिवर्तनका सङ्केतहरु देखा पर्नाले प्रकृतिमा विपद्को अवस्था देखा पर्दै गएका छन् । यसको प्रकृति तथा विशेषताका आधारमा शुरक्षित रहनु, पूर्वतयारी गर्नु तथा न्यूनीकरणका उपायहरु प्रयोग गरी मानवीय क्षति र आर्थिक क्षति हुनबाट जोगाउन सकिन्छ । विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन यसको विषय सामुदायिक सशक्तिकरण, वातावरण संरक्षण तथा स्रोतको दिगो उपयोग सम्बन्धी चेतना र कार्यक्रमसँग जोड्ने हो भने विपदबाट हुने मानवीय तथा आर्थिक लगायतका अन्य क्षति न्यूनीकरण गर्न सकिन्छ । गाउँपालिकाको पालिकास्तरीय तथा वडा छलफलका क्रममा विभिन्न स्थानमा १४ वटा पहिरो पहिचान भएको छ । यसले गाउँपालिकाको विभिन्न स्थानमा भौतिक सम्पत्तिको क्षति गरेको, कति पय घरपरिवार विस्थापित भएका र कति पय बस्तीहरु सार्नु पर्ने अवस्थामा रहेका देखिन्छन् ।

# परिच्छेद - तीन
# विपद् व्यवस्थापन योजना

## ३.१. गाउँपालिकामा विद्यमान प्रमुख प्रकोपहरु

लिखु पिके गाउँपालिकाको विद्यमान प्रमुख प्रकोपहरूमा पहिरो, नदी कटान, बाढी, महामारी, मानव वन्यजन्तु द्वन्द्व, आगलागी, भूकम्प, आदि पर्दछन्। गाउँपालिकाको विपद् जोखिम प्रोफाइल अनुसार पहिरो प्रकोपबाट यस क्षेत्रमा जनधनको सबैभन्दा बढी क्षति हुने गरेको छ। त्यसैगरी बाढी, महामारी, मानव वन्यजन्तु द्वन्द्व, आगलागी, भूकम्प, कृषि बालीमा हुने रोग, पशुरोग जस्ता प्रकोपहरूबाट पनि हरेक वर्ष जनधनको क्षति हुने गरेको छ।

## ३.२ विगतका विपद्को अवस्था विश्लेषण र जोखिमयुक्त क्षेत्र

लिखु पिके गाउँपालिकाको विपद्को अवस्था विश्लेषण गर्दा सबैभन्दा बढी क्षति पहिरोले गरेको छ, जसको पूनरावृत्ति पनि उच्च रहेको छ। वन डढेलो, घरगोठमा हुने आगलागीले यस गाँउपालिकामा वर्षेनी ठूलो क्षती गरेको देखिन्छ । मूलतः बाढी/कटानले घरजग्गामा क्षती तथा तल्लो तटिय क्षेत्रमा क्षेति गर्ने, खेतियोग्य जमिन तथा सामुदायिक वनको जमिन कटान/पटान गर्ने गरेको र यसबाट अस्थायी वा स्थायी रूपमा वर्षेनी करिव १२ जनसङ्ख्या विस्थापित हुने गरेका छन्।

त्यस बाहेक कोभिड-१९ को कारण २ (१ जना वडा नं. ३ र १ जना काठमाडौंमा) जनाको मृत्यु, भएको छ ।

लिखु पिके गाउँपालिका क्षेत्रमा गत वर्षमा ८ पटक भन्दा बढी प्राकृतिक, गैर प्राकृतिक तथा जलवायु र गैरजलवायुजन्य साना र ठूला प्रकोप तथा विपद्का घटनाहरू घटेका छन्। लिखु पिके गाउँपालिकामा आवृत्ति र गम्भिरताको आधारमा अन्य प्रकोप तथा घटेका विपद्का घटनाहरुको तुलनामा नदी कटान, पहिरो र बाढीको असर तथा प्रभाव बढी देखिएको छ जसको कारणले जनधन, व्यक्तिगत सम्पत्ति र अन्नपात समेत क्षति हुने गरेको छ। यस्ता प्रकोप तथा विपद्बाट विपन्न वर्ग, समुदायको आर्थिक अवस्था थप कमजोर बन्ने गरेको छ। यसरी विपद्को चपेटामा पर्ने घरपरिवार तथा समुदायलाई उत्थानशील र अनुकुलित बनाउन आवश्यक छ।

**वडा नं. १**

| विपद् | घटनाको वर्ष | प्रभावित स्थान/क्षेत्र | कारण |
|---|---|---|---|
| बाढी/पहिरो/नदी कटान | २०५३ | कासी हुँदै वडा नं. २ ठूलो पहिरो गएको । हाल प्रत्येक वर्ष क्षेति गर्ने गरेको | पहिरो को कारण |

| विपद् | घटनाको वर्ष | प्रभावित स्थान/क्षेत्र | कारण |
|---|---|---|---|
| | प्रत्येक वर्ष | कासी वस्ति | वडा कार्यालय र वरपरबाट आएको पानीको भल पसेर वस्ति जोखिममा रहेको |
| | | वडा नं. १ को सापे वस्ति यरमार्फु पहिरोको जोखिममा रहेको | |
| | | भलले वस्ति जोखीममा रहेको, कासी, वडा नं. २ को सिमाना | बाटोमा नाली नबनेको कारण बाटोको |
| | २०७० | कुसाङ शेर्पाको घर नेर पहिरो गएर क्षेति गरेको | भल पानी पसेर |
| महामारी | २०७६-२०८० | २५० जना बिरामी। काठमाडौंमा ४ जना यसै वडाका मानिसहरुको मृत्यु भएको | कोभिडले |
| | २०८० | ८०% स्थानीयमा आँखा पाक्ने समस्या | आँखा पाक्ने रोगको कारण |
| हावाहुरी | प्रत्येक वर्ष चैत्र, बैशाख | समग्र वडा , मकै, गहुँ र आलुलाई असर गर्ने गरेको | |
| भूकम्प, | २०७२ | १६२ घरधुरी क्षेति भएर पुननिर्माण भएको । ३ घर आशिंक क्षेति भएको । ३ घरले गुनासो गर्दा राहत नपाएको बरु ५ हजारको दरले खर्च भएको | |
| मानव वन्यजन्तु द्वन्द्व, | प्रत्येक वर्ष | बाँदर, दुम्सी, भालु, मृगले खेति क्षेति गर्ने गरेको । बाँदरको कारण स्थानीयले खेति गर्न छाडेको | सा. व. को कारण जङ्गली जनावर आउने गरेको |
| | २०५३ | वडा नं. २ मा लागेको आगोले वडा नं. १ मा ठूलो क्षेति गरेको । वनमा आगलागी भएर ठूलो क्षेति भएको। | |
| आगलागी-डढेलो | ११/१६/२०८० | कासी सा.व.मा आगलागीको कारण वस्ति जोखिममा परेको | |

| विपद् | घटनाको वर्ष | प्रभावित स्थान/क्षेत्र | कारण |
|---|---|---|---|
| सुख्खा-खडेरी | हालका वर्ष | धान मर्ने, विउ मर्ने | पानी कम परेको कारण, आकासे पानीको भर पर्नुपर्ने भएकाले |
| असिनापानी | प्रत्येक वर्ष | गहुँ, तोरी, आलुमा क्षेति | |
| चट्याङ | २०५२ | चट्याङ लागेरा १ जनाको मृतु | |
| | २०७८ | २ जनाको मृत्यु | |
| कृषिबालीमा लाग्ने रोग | प्रत्येक वर्ष | समग्र वडा | धानमा लाग्ने राते, डडुवा रोग, खोइरो लाग्ने, मकैमा गवारा |
| पशुमा लाग्ने रोग | २०७९-८० | लम्पि स्किनले  क्षेति गरेको | लम्पिस्किन |
| | हालका वर्ष | समग्र वडामा बाँझोपन, कुखुरामा आँखा पाक्ने, पखाला, पेट सुनिने, भैंसी, गाईमा थुनेलो, जुम्राको समस्या | |
| जमिन तथा सडक कटान | प्रत्येक वर्ष | खेतबारी कटान, जमिन कटान हुने गरेको | बाटोको नाली नभएको कारण |
| हिमपात | प्रत्येक वर्ष | मङ्सिर देखी माघसम्म हिमपात भएर आलु, गहुँलाई असर गर्ने गरेको | |

**वडा नं. २**

| विपद् | घटनाको वर्ष | प्रभावित स्थान/क्षेत्र | कारण |
|---|---|---|---|
| बाढी/पहिरो/नदी कटान | प्रत्येक वर्ष | वडा नं. १ र २ को सिमाना कोरेसीमा पहिरो जाने गरेको | वर्षादको समयमा भलबाढीले गर्दा |
| | | धाउखानी क्षेत्रमा रहेको ५ घर पहिरोको जोखिममा रहेको | जग्गा भिरालो, भल बाढीको जोखिम, खोला नजिक रहेको कारण पहिरोको जोखिम |
| महामारी | २०७६-२०८० | १ जनाको मृत्यु (भिमसेन बस्नेत) | कोभिडले |
| | हालका वर्ष | समग्र वडामा काउसोले महामारीको रुप लिएको | |
| | २०८० | ८०% स्थानीयमा आँखा पाक्ने समस्या | आँखा पाक्ने रोगको कारण |
| हावाहुरी | प्रत्येक वर्ष चैत्र, बैशाख | समग्र वडा | हावाहुरीले |

| विपद् | घटनाको वर्ष | प्रभावित स्थान/क्षेत्र | कारण |
|---|---|---|---|
| भूकम्प, | २०७२ | २५० घरधुरी | |
| मानव वन्यजन्तु द्वन्द्व, | प्रत्येक वर्ष | बाँदर, दुम्सी, भालु, मृगले खेति क्षेति गर्ने गरेको । बाँदरको कारण स्थानीयले खेति गर्न छाडेको | |
| आगलागी-डढेलो | प्रत्येक वर्ष | भिरहरुमा आगलागीका घटना हुने गरेको । ताकलुङ सा.व. मा २०५४-५५ मा आगलागी भएको | |
| सुख्खा-खडेरी | हालका वर्ष | धान मर्ने, विउ मर्ने | पानी कम परेको कारण, आकासे पानीको भर पर्नुपर्ने भएकाले |
| असिनापानी | २०७८ | मकै, आलुमा क्षेति | |
| चटयाङ | प्रत्येक वर्ष | समग्र वडामा चटयाङका घटना हुने गरेको | |
| | २०४२ | एक जनाको मृत्यु, १ अल गोरु सहित | |
| कृषिबालीमा लाग्ने रोग | प्रत्येक वर्ष | समग्र वडा | धानमा लाग्ने राते, डडुवा रोग, खोइरो लाग्ने, मकैमा गवारा |
| पशुमा लाग्ने रोग | २०७९-८० | लम्पि स्किनले क्षेति गरेको | लम्पिस्किन |
| | हालका वर्ष | समग्र वडामा बाँझोपन, कुखुरामा आँखा पाक्ने, पखाला, पेट सुनिने, भैंसी, गाईमा थुनेलो, जुम्राको समस्या | |

**वडा नं. ३**

| विपद् | घटनाको वर्ष | प्रभावित स्थान/क्षेत्र | कारण |
|---|---|---|---|
| बाढी/पहिरो/नदी कटान | प्रत्येक वर्ष | कोरेशी पहिरो | कमजोर भू-धरातल, माथिबाट आएको भल व्यवस्थापन नहुन |
| | प्रत्येक वर्ष | नाम्खेली, च्याङ्सुर्के पहिरो | बर्खाको समयमा भल पानी धेरै जम्मा भएको कारण |
| | | काफ्लेचौर हुँदै भँगेरी सम्म जाने बाटोमा रहेको खेत र वस्ति जोखिममा | खोलामा प्रत्येक वर्ष ठुलो भल आउने गरेको |
| | | चौंलाखर्क टेक बहादुर बस्नेतको घर पहिरोको जोखिम | |
| | | सिरुवा हुँदै राङ्दासम्म कटान | |

| विपद् | घटनाको वर्ष | प्रभावित स्थान/क्षेत्र | कारण |
|---|---|---|---|
| | | लिखु खोलाको छेउको खेतहरु कटानको जोखिममा | |
| महामारी | २०७६-२०८० | चौंलाखर्कमा २५ जना प्रभावित | कोभिडले |
| | २०८० | ८०%-८५% प्रभावित | आँखा पाक्ने रोगको कारण |
| हावाहुरी | प्रत्येक वर्ष | समग्र वडा , मकैलाई विशेष असर गर्ने गरेको | |
| भूकम्प, | २०७२ | २२५ घर पुर्ण क्षेति | |
| मानव वन्यजन्तु द्वन्द्व, | प्रत्येक वर्ष | बाँदर, दुम्सी, भालु, मृगले खेति क्षेति गर्ने गरेको । बाँदरको कारण स्थानीयले खेति गर्न छाडेको | |
| सुख्खा-खडेरी | हालका वर्ष | धान मर्ने, विउ मर्ने | पानी कम परेको कारण, आकासे पानीको भर पर्नुपर्ने भएकाले |
| असिनापानी | २०७९ | गहुँ, तोरी, आलुमा क्षेति | |
| चटयाङ | प्रत्येक वर्ष | समग्र वडामा चटयाङका घटना हुने गरेको | |
| | प्रत्येक वर्ष | नाम्खेली चम्मर गाउँ प्रभावित | |
| कृषिबालीमा लाग्ने रोग | प्रत्येक वर्ष | समग्र वडा | गोबारा, फटयाङ्रा समस्या, डडुवा रोग, खोइरो लाग्ने |
| पशुमा लाग्ने रोग | २०७९-८० | लम्पि स्किनले क्षेति गरेको | लम्पिस्किन |
| | हालका वर्ष | समग्र वडा | खोर्यांत, बाँझोपन, प्यारालाइसिस |

**वडा नं. ४**

| विपद् | घटनाको वर्ष | प्रभावित स्थान/क्षेत्र | कारण |
|---|---|---|---|
| बाढी/पहिरो/नदी कटान | प्रत्येक वर्ष | किन्जा खोलाको किनारमा रहेका जग्गाहरु भास्सिने, कटान हुने समस्या | |
| | हालका वर्ष | फौतिको पहिरोले गर्दा तादिङ, लेप्पु, डुंडा जोखिमयुक्त रहेको | फौतिको पहिरो |
| महामारी | २०७६-२०८० | १ जनाको मृत्यु | कोभिडले |
| | हालका वर्ष | काउसोले मानिसमा, जनावरलाई एलर्जी, हुने, बिरामी पर्ने देखिएको | काउसो |
| हावाहुरी | प्रत्येक वर्ष चैत्र, बैशाख | समग्र वडामा अलैंची, मकै, गहुँ बालीलाई असर गर्ने गरेको | |

| विपद् | घटनाको वर्ष | प्रभावित स्थान/क्षेत्र | कारण |
|---|---|---|---|
| भूकम्प, | २०७२ | २३६ घरधुरीमा असर परेको र पुननिर्माण भएको । काठमाडौंमा १ जनाको मृत्यु भएको | |
| मानव वन्यजन्तु द्वन्द्व, | प्रत्येक वर्ष | बाँदर, दुम्सीले खाद्यवाली तथा नगदेवालीमा असर गरेको जसले गर्दा कृषि कर्म गर्न कम हुने गरेको। ७ घरको विस्तापन नै भएको | |
| आगलागी-डढेलो | २०७६ असोज ८ | १ घर जलेर सखाप भएको । वडाले ५० हजार राहत उपलब्ध गराएको | |
| सुख्खा-खडेरी | हालका वर्ष | धान मर्ने, विउ मर्ने , पानीको मुहान सुकेको , हिमालमा हिउँ पर्न कम भएकोले गर्मी बढेको | पानी कम परेको कारण, आकासे पानीको भर पर्नुपर्ने भएकाले |
| असिनापानी | २०७९ | गहुँ, तोरी, आलुमा क्षेति | |
| चट्याङ | प्रत्येक वर्ष | समग्र वडामा चट्याङका घटना हुने गरेको । २०७२ मा १ जनाको मृत्यु | |
| कृषिबालीमा लाग्ने रोग | २०७८ | समग्र वडामा खेतिमा आंशिक क्षेति | सलह |
| | प्रत्येक वर्ष | समग्र वडा | धानमा लाग्ने राते, डडुवा रोग, खोइरो लाग्ने, मकैमा गवारा |
| पशुमा लाग्ने रोग | २०७९-८० | लम्पि स्किनले क्षेति गरेको ३५ पशुचौपायको मृत्यु | लम्पिस्किन |
| | हालका वर्ष | समग्र वडामा बाँझोपन, कुखुरामा आँखा पाक्ने, पखाला, पेट सुनिने, भैंसी, गाईमा थुनेलो, जुम्राको समस्या | |

**वडा नं. ५**

| विपद् | घटनाको वर्ष | प्रभावित स्थान/क्षेत्र | कारण |
|---|---|---|---|
| बाढी/पहिरो/नदी कटान | २०७८ | पाताल वस्ति (साबिक वडा नं. १) मा ५ घरधुरी जोखिममा रहेको | लिखुमा निर्मित एमभी दुगडको हाइड्रोले खनेको सडक र टनेलले गर्दा पानी चुहिन गई पहिरो गएर वस्ति जोखिममा रहेको |
| | प्रत्येक वर्ष | किन्जा बजारलाई २ तिर रहेको लिखु र किन्जा खोलाको जोखिम रहेको | |

| विपद् | घटनाको वर्ष | प्रभावित स्थान/क्षेत्र | कारण |
|---|---|---|---|
| | प्रत्येक वर्ष | भकाञ्जे हे.पो. को आसपासमा पहिरोको जोखिम रहेको | |
| | | सगरडाँडा (साविक ३ र ६) मा पहिरोको जोखिम । १० घरधुरी जोखीममा रहेको | |
| | | छिम्बु (साबिकको ८ र ९) पहिरोको जोखिममा रहेको | |
| महामारी | २०७६-२०८० | काठमाडौंमा १ जनाको मृत्यु भएको | कोभिडले |
| | २०८० | ८०% प्रभावित | आँखा पाक्ने रोगको कारण |
| | २०५० | ८ जनाको मृत्यु | झाडापखाला, हैजाका कारण |
| हावाहुरी | प्रत्येक वर्ष | मकै, आलुमा असर गर्ने गरेको | |
| भूकम्प, | २०७२ | २३८ घरधुरीले ३ लाख राहत लिएको | |
| | २०४५ | आंशिक क्षेति, घरका छाना बिगारेको | |
| मानव वन्यजन्तु द्वन्द्व, | प्रत्येक वर्ष | बाँदर, दुम्सीले खाद्यवाली तथा नगदेवालीमा असर गरेको जसले गर्दा कृषि कर्म गर्न कम हुने गरेको। ७ घरको विस्तापन नै भएको | |
| आगलागी-डढेलो | प्रत्येक वर्ष | साबिक ७ (सेटे), साबिक ८ (छम्बु), साबिक ३ (डाक्चु), साबिक १, २ (छिनखर्क) मा आगलागीका घटना हुने गरेको | सामुदायिक वन एको कारण |
| | २०६६ | साबिक ७ सेटेमा ५ घर जलेको | |
| | २०७९ | सेटेमा आगलागी भएको | |
| सुख्खा-खडेरी | हालका वर्ष | धान मर्ने, विउ मर्ने | पानी कम परेको कारण, आकासे पानीको भर पर्नुपर्ने भएकाले |
| असिनापानी | २०७९ | गहुँ, तोरी, आलुमा क्षेति | |
| चटयाङ | प्रत्येक वर्ष | समग्र वडामा चटयाङका घटना हुने गरेको | |
| | २०६२ | ९ खच्चरको मृत्यु | |
| | २०६३,२०७८ | १, १ जनाको मृत्यु भएको | |

| विपद् | घटनाको वर्ष | प्रभावित स्थान/क्षेत्र | कारण |
|---|---|---|---|
| कृषिबालीमा लाग्ने रोग | | तुसारो, आलुमा राते, खुम्रेकिरा, पिँडालुमा गवारो, फौजीकिराले आलुबाली नाश, काउसोले बालीनाली नास | |
| | प्रत्येक वर्ष | समग्र वडा | डडुवा रोग, खोइरो लाग्ने |
| पशुमा लाग्ने रोग | २०७९-८० | लम्पि स्किनले क्षेति गरेको | लम्पिस्किन |

स्रोतः लिखु पिके गाउँपालिका

## ३.३ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र

लिखु पिके गाउँपालिकाका विभिन्न वस्तिहरु, कृषि क्षेत्र र वन क्षेत्रहरू बाढी, नदी कटान र पहिरोको जोखिममा रहेका छन्। विश्वव्यापी महाव्याधी कोभिड-१९ को असर सबै वडामा रहेको भएको र सबै वडामा यसको जोखिम अझै बाँकि रहेको देखिन्छ। हावाहुरी, असिनापानी, खडेरीबाट प्रायः सबै वडाहरूमा असर पर्न सक्छ। जङ्गली जनावर र छाडा पशुचौपायाबाट जनधनमा क्षति धेरै भएरहेको आउँदा दिनमा समेत जोखिम हुने सम्भावना सबै वडाहरूमा बढी देखिन्छ। भूकम्पबाट हुन सक्ने क्षतिबाट भने सबै वडाहरू र जनसंख्या प्रभावित हुने अवस्था छ। यी प्रकोपहरूको वर्तमान प्रभाव क्षेत्र तथा सम्भावित जोखिमको नक्साङ्कन गर्ने कार्य *सम्पन्न भएको* छ।



**पहिरो जोखिम क्षेत्रहरु**

| Geometry | Latitude | Longitude | Elevation | Remarks |
|---|---|---|---|---|
| POINT Z (86.38614833 27.53036667 2644.100) | 27.53036667 | 86.38614833 | 2644.1 | ward 1 office |
| POINT Z (86.38318667 27.54049500 2101.300) | 27.540495 | 86.38318667 | 2101.3 | landslide starting point ward 1 |
| POINT Z (86.38449000 27.55347667 1929.000) | 27.55347667 | 86.38449 | 1929 | Dumping yard |
| POINT Z (86.38342167 27.55009833 1689.600) | 27.55009833 | 86.38342167 | 1689.6 | Koresi ko pahiro |
| POINT Z (86.38343667 27.55023000 1744.600) | 27.55023 | 86.38343667 | 1744.6 | koresi pahiro starting point |
| POINT Z (86.37868667 27.55725333 1900.600) | 27.55725333 | 86.37868667 | 1900.6 | gaun palika office |
| POINT Z (86.43449333 27.59624167 2232.500) | 27.59624167 | 86.43449333 | 2232.5 | Likhu pike ward 5 office |
| POINT Z (86.40912333 27.58395000 1542.600) | 27.58395 | 86.40912333 | 1542.6 | kinja Khola |
| POINT Z (86.40031333 27.57904667 1718.500) | 27.57904667 | 86.40031333 | 1718.5 | ward 4 office |
| POINT Z (86.39596833 27.57462667 1797.300) | 27.57462667 | 86.39596833 | 1797.3 | manabiya sahayata sthal |
| POINT Z (86.39507667 27.57262000 1746.300) | 27.57262 | 86.39507667 | 1746.3 | upchang tading landslide |
| POINT Z (86.38036833 27.54454833 1853.400) | 27.54454833 | 86.38036833 | 1853.4 | koresi pahiro ward 2 |

## ३.४ प्रकोपहरुको सम्भाव्य जोखिम विश्लेषण

लिखु पिके गाउँपालिकामा रहेका घरहरूको बनावट हेर्दा ६ रेक्टर स्केल म्यागनेट्युडको भूकम्प गएमा कम्तिमा १३५ घरहरू बस्न नमिल्ने गरी भत्कन सक्ने सम्भावना आंकलन गरिएको छ। यस क्षेत्रमा बाढी, पहिरो, नदी कटानले विगत वर्षहरूमा धेरै क्षति गरेको छ।

यस क्षेत्रमा जलवायु परिवर्तनको प्रक्षेपण अनुसार भविष्यमा वर्षा हुने दिनहरू घट्ने तर कूल वर्षा ३ देखि ५ प्रतिशत सम्म बढ्न सक्ने आंकलन भएकोले भविष्यमा बाढी, कटान, पहिरोको जोखिम बढ्ने सम्भावना देखिन्छ। अब्यवस्थित बसोवास तथा कमजोर भौतिक संरचना निर्माणको क्रम बढ्दै गएकोले यसबाट जोखिम पनि बढ्न सक्ने देखिएको छ। तसर्थ, कम्तिमा पनि १३५ भन्दा बढी

घरधुरी (करिव ४०० सय जनसंख्या) लाई आपत्कालीन व्यवस्था गर्न सक्ने गरी विपद् पूर्वतयारी गर्न आवश्यक देखिन्छ।

विगतको हावाहुरीको प्रवृत्ति हेर्दा यसबाट २३ घरधुरी (करिब ६५ जनसंख्या) प्रभावित हुन सक्ने सम्भावना रहेको छ। । हावाहुरीको कारण आवश्यक कपडा र खानेकुराको अभाव भई बाह्य सहयोग चाहिने जनसङ्ख्या ६५ अनुमान गरिएको छ।

सुख्खा/खडेरीले वर्षेनी अन्नबाली उत्पादनमा कमि आएको देखिन्छ। हिउँद याममा पानीको मूल र नदी सुक्दै गएको र बढ्दो तापक्रमको कारणले भविष्यमा यस क्षेत्रमा सुख्खा/खडेरीको अवस्था झन् जटिल हुन सक्नेछ। अनुमानित ३५ जनसङ्ख्याका लागि खडेरीका कारण विपद् पूर्वतयारी गर्नु पर्ने हुन सक्दछ।

वन जङ्गल विनाशका कारण पर्याप्त खानेकुराको अभावमा जङ्गली जनावर वस्तीमा आउने क्रम बढेको र यसबाट अन्नबाली नोक्सानीका घटना बढिरहेको गुनासाहरू आउने गरेका छन्। भविष्यमा बाढी, सुख्खा/खडेरी, आगलागी, मिचाहा प्रजातीको वनस्पतीको प्रकोप आदिका कारण वनमा जनावरको लागि आवश्यक चरिचरन तथा वासस्थानको थप विनाश भई खेतिबाली र वस्तीमा जङ्गली जनावरहरू आउने क्रम अझ बढ्न सक्ने देखिन्छ। यसबाट मानव तथा वन्यजन्तुबीच द्वन्द्व बढ्दै जानसक्ने सम्भावना देखिएको छ। हरेक वर्ष खडेरी लगातार बढ्दै गएमा कतिपय वन्यजन्तुको सङ्ख्या घट्ने वा मासिन सक्ने सम्भावना समेत रहेको छ। संरक्षणका प्रयासहरूले मानव-वन्यजन्तु द्वन्द्व समाधान गर्न सकिने हुँदा यस तर्फ विशेष ध्यान दिन जरुरी देखिएको छ। मानव-वन्यजन्तु द्वन्द्वबाट वार्षिक ८ जना घाईते, हुनाका साथै रु ३ लाख बराबरको सम्पत्तिको क्षति हुन सक्ने सम्भावना देखिन्छ।

विकास तथा जीविकोपार्जनको लागि गरिने क्रियाकलापहरु जोखिम न्यूनीकरण गर्ने, उत्थानशील क्षमता अभिवृद्धि गर्ने र जलवायु परिवर्तनको असरको सामना गर्न अनुकूल हुनेगरी सञ्चालन गर्ने व्यवस्था नमिलाएसम्म अन्य प्रकोपहरूबाट पनि लिखु पिके गाउँपालिकामा जोखिम बढ्ने सम्भावना देखिन्छ।

## ३.५ पूर्वसूचना प्रणालीको अवस्था

लिखु पिके गाउँपालिकामा बाढी, पहिरो, डढेलो लगायत प्रकोपको पूर्वसूचना प्रणाली स्थापना गरिएको छैन। स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको जिल्ला, प्रदेश तथा राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग सम्पर्क स्थापित गरी सूचना आदान प्रदान गर्ने गरिएको छ । तल्लो तटीय क्षेत्रमा बस्ने समुदायले माथिल्लो तटीय क्षेत्रमा बस्ने समुदायबाट नदी सतह गेज रिडरलाई सिधै सम्पर्क गरी सूचना प्राप्त गर्ने गरिएको छैन।

# परिच्छेद - चार
# विपद् व्यवस्थापन योजनाको रणनीति तथा कार्यनीति

यस अध्यायमा वातावारणका विभिन्न तत्वहरूको व्यवस्थापनका लागि अपनाउनुपर्ने कार्ययोजना, उक्त कार्यसम्पन्न गर्ने जिम्मेवार निकाय र उक्त कार्ययोजनाको उद्देश्यको बारेमा उल्लेख गरिएको छ ।

तालिकाः विपद व्यवस्थापन योजना

| रणनीति | कार्यनीति | जिम्मेवार निकाय | उद्देश्य | कैफियत |
|---|---|---|---|---|
